अपाङ्गता रोकथाम तथा पुनःस्थापना लागत साझेदारी (सङ्घ, प्रदेश, स्थानीय तह) कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावना: जन्मजात तथा जन्मपश्चात् हुने अपाङ्गताको जोखिम न्यूनीकरण, रोकथाम, प्रारम्भिक पहिचान, उपचार तथा पुनःस्थापना सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्दै अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षण, सामाजिक समावेशीकरण तथा मर्यादित र स्वतन्त्र जीवनयापन सुनिश्चित गर्न सङ्घ, प्रदेश, स्थानीय तह तथा साझेदार संस्थाबीच समन्वय, सहकार्य र लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न वाञ्छनीय भएकाले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस कार्यविधिको नाम "अपाङ्गता रोकथाम तथा पुनःस्थापना लागत साझेदारी (सङ्घ, प्रदेश, स्थानीय तह) कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा:</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अपाङ्गता भएका व्यक्ति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ बमोजिम परिभाषा गरेको व्यक्ति सम्झनु पर्छ।

(ख) "अपाङ्गता सम्बन्धी शाखा वा महाशाखा" भन्नाले प्रदेश वा स्थानीय तहमा अपाङ्गता सम्बन्धी कार्य गर्ने जिम्मेवारी तोकिएको महाशाखा, शाखा वा इकाई सम्झनु पर्छ।

(ग) "कार्यक्रम" भन्नाले यस कार्यविधि बमोजिम सञ्चालन हुने अपाङ्गता रोकथाम तथा पुनःस्थापना लागत साझेदारी (सङ्घ, प्रदेश, स्थानीय तह) कार्यक्रम सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(ङ) "व्यवस्थापन समिति" भन्नाले दफा ८ बमोजिम गठित समिति सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले कर्णाली प्रदेशभित्रका कार्यक्रम सञ्चालन गर्न छनौट भएका गाउँपालिका तथा नगरपालिका सम्झनु पर्छ।

(छ) "स्थानीय समन्वय समिति" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिम गठन भएको स्थानीय समन्वय समिति सम्झनु पर्छ।

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(ज) "सहजकर्ता" भन्नाले कार्यक्रम अन्तर्गत अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका परिवारलाई समुदाय तथा घरदैलोमा सेवा, सूचना, समन्वय तथा सहजीकरण गर्ने प्रयोजनका लागि व्यवस्था गरिएको सहजकर्ता सम्झनु पर्छ।

(झ) "संघीय कार्यविधि" भन्नाले नेपाल सरकारबाट जारी भएको अपाङ्गता रोकथाम तथा पुनःस्थापना लागत साझेदारी (सङ्घ, प्रदेश, स्थानीय तह) कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ सम्झनु पर्छ।

(ञ) "साझेदार संस्था" भन्नाले कार्यक्रम सञ्चालनका लागि आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराउने विकास साझेदार (संयुक्त राष्ट्रसंघीय निकाय, द्विपक्षीय वा बहुपक्षीय संस्था, राष्ट्रिय वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा निजी संस्था) सम्झनु पर्छ।

३. <u>कार्यक्रमका उद्देश्य:</u> कार्यक्रमका उद्देश्य देहाय बमोजिम हुनेछन्:-

(क) गर्भवती महिला तथा विभिन्न उमेर समूहका व्यक्तिहरूको स्वास्थ्य जाँच तथा आवश्यक परीक्षणमार्फत् सम्भावित अपाङ्गताको पहिचान, रोकथाम तथा व्यवस्थापन गर्नु,

(ख) समुदायमा आधारित पुनःस्थापना तथा समुदायमा आधारित समावेशी विकासको अवधारणामार्फत् अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारको जीवनस्तर, सहभागिता, आत्मनिर्भरता तथा सामाजिक समावेशीकरणमा सुधार ल्याउनु,

(ग) स्थानीय तहमा अपाङ्गता सम्बन्धी संस्थागत संरचना, जनशक्ति, समन्वय तथा सेवा प्रवाह प्रणालीलाई सुदृढ गर्नु,

(घ) अपाङ्गता भएका व्यक्तिको अधिकार, समान अवसर, पहुँचयुक्तता, सशक्तीकरण तथा अर्थपूर्ण निर्णय प्रक्रियामा सहभागिता सुनिश्चित गर्दै स्वतन्त्र, मर्यादित र समावेशी जीवनयापन प्रवर्द्धन गर्ने वातावरण निर्माण गर्नु,

(ङ) अपाङ्गता सम्बन्धी तथ्याङ्क व्यवस्थापन तथा अद्यावधिक गरी अपाङ्गता परिचयपत्र, कानूनी अधिकार, सेवा तथा सामाजिक सुरक्षा लगायतका सुविधामा पहुँच सुनिश्चित गर्न सहयोग गर्नु,

(च) स्थानीय समन्वय समिति तथा अपाङ्गता भएका व्यक्तिका प्रतिनिधिमूलक संस्थाहरूको क्षमता तथा संस्थागत सुदृढीकरण गर्नु।

४. <u>कार्यक्रम सञ्चालनको क्षेत्र:</u> कार्यक्रम अन्तर्गत सबै प्रकारका अपाङ्गतालाई समेट्ने गरी अनुसूची-१ बमोजिमका कार्यक्षेत्रगत क्रियाकलाप सञ्चालन हुनेछ।

२

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

५. <u>कार्यक्रम सञ्चालन प्रक्रिया:</u> (१) कार्यक्रम सङ्घ, प्रदेश र स्थानीय तह तथा साझेदार संस्थाको समन्वय, सहकार्य र उपलब्ध स्रोतको परिचालनबाट सञ्चालन गरिनेछ।

(२) उपलब्ध स्रोतका आधारमा व्यवस्थापन समितिले चरणबद्ध रूपमा कार्यक्रम सञ्चालनका लागि स्थानीय तह छनौट गर्नेछ।

(३) स्थानीय तह छनोटका लागि मन्त्रालयले साझेदारीका लागि स्थानीय तहबाट प्रस्ताव आह्वान गर्नेछ। स्थानीय तहबाट प्रस्ताव माग गर्दा लक्षित वर्गको अवस्था, कार्यक्रमको आवश्यकता, उपलब्ध स्रोत, संस्थागत क्षमता, कार्यक्रम सञ्चालन गर्ने प्रतिबद्धता र अपेक्षित उपलब्धि सहितका विवरण खुलाउनुपर्नेछ।

(४) छनोट भएका स्थानीय तहका प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा अपाङ्गता सम्बन्धी जिम्मेवारी प्राप्त महाशाखा/शाखाका प्रमुखसँग कार्यक्रम सञ्चालन प्रक्रिया, स्थानीय स्रोत परिचालन र संस्थागत व्यवस्था सम्बन्धमा अन्तरक्रिया सञ्चालन गरिनेछ।

(५) कार्यक्रम सञ्चालनमा लागत साझेदारी गर्न इच्छुक साझेदार संस्थाबाट मन्त्रालयले प्रस्ताव आह्वान गरी उपयुक्त संस्थाको छनोट गर्नेछ। यस कार्यक्रम अन्तर्गत विगतमा छनौट भएको साझेदार संस्थालाई निरन्तरता दिइनेछ।

(६) मन्त्रालयले छनौट गरेको साझेदार संस्थासँग लागत साझेदारी तथा प्राविधिक सहयोगका लागि सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नेछ।

(७) साझेदार संस्थाको प्राविधिक सहयोगमा सम्बन्धित स्थानीय तहले यस कार्यक्रमका लागि विभिन्न निकायबाट प्राप्त बजेटका आधारमा अनुसूची-१ बमोजिमका कार्य क्षेत्रगत क्रियाकलाप समेटी कार्ययोजना तयार गरी कार्यान्वयन गर्नेछ।

(८) कार्यक्रमको बजेट तर्जुमा, योजना निर्माण, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन तथा उपलब्धिको समीक्षा लगायतका सबै प्रक्रियामा लक्षित समूह, विशेषगरी अपाङ्गता भएका व्यक्ति, निजका परिवार तथा निजका प्रतिनिधिमूलक संस्थाको सहभागिता सुनिश्चित गर्नुपर्नेछ।

(९) कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, रोजगार, सामाजिक सुरक्षा लगायत सम्बन्धित विषयगत क्षेत्रसँग आवश्यक समन्वय तथा सहकार्य गर्नुपर्नेछ।

(१०) कार्यक्रम सञ्चालन गर्दा प्रदेशस्तरमा मन्त्रालय, सम्बन्धित स्थानीय तह तथा साझेदार संस्थाबीच र स्थानीयस्तरमा स्थानीय तह र विकास साझेदारबीच सम्झौता गरिनेछ।

६. <u>सहजकर्ताको व्यवस्था:</u> (१) अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका परिवारलाई घरदैलो तथा समुदायमा आवश्यक सूचना, सेवा, समन्वय तथा सहजीकरण उपलब्ध गराउन प्रत्येक स्थानीय तहले मातहतका कर्मचारीलाई सहजकर्ता तोक्नु पर्नेछ।

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

सा. जीत बहादुर मल्ल
मन्त्री

(२) स्थानीय तहले सामान्यतया हिमाली क्षेत्रमा २०० जना, पहाडी क्षेत्रमा ३०० जना र तराई क्षेत्रमा ४०० जना अपाङ्गता भएका व्यक्तिका लागि कम्तीमा एक जना सहजकर्ता रहने गरी तोक्नुपर्नेछ।

तर भौगोलिक विकटता, बस्तीको दूरी तथा सेवाको आवश्यकताका आधारमा स्थानीय तहले उक्त अनुपातभन्दा बढी सहजकर्ता तोक्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम सहजकर्ता तोक्दा उपलब्ध भएसम्म अपाङ्गता भएका व्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ।

(४) सहजकर्ताको काम, कर्तव्य, अधिकार देहाय बमोजिम हुनेछः-

(क) आफ्नो कार्यक्षेत्रभित्र रहेका अपाङ्गता भएका व्यक्तिको पहिचान, तथ्याङ्क सङ्कलन, अभिलेखीकरण तथा अद्यावधिक गर्न सहयोग गर्ने,

(ख) अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका परिवारलाई अपाङ्गता परिचयपत्र, सामाजिक सुरक्षा, स्वास्थ्य, शिक्षा, पुनःस्थापना, रोजगारी तथा अन्य सार्वजनिक सेवासम्बन्धी सूचना र परामर्श प्रदान गर्ने,

(ग) अपाङ्गता भएका व्यक्तिको आवश्यकता पहिचान गरी आवश्यकताअनुसार व्यक्तिगत पुनःस्थापना योजना तयार गर्न तथा कार्यान्वयन गर्न सहयोग गर्ने,

(घ) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक स्वास्थ्य परीक्षण, उपचार, फिजियोथेरापी, सहायक सामग्री तथा अन्य पुनःस्थापना सेवामा पहुँचका लागि सम्बन्धित निकायमा प्रेषण तथा समन्वय गर्ने,

(ङ) गर्भवती महिला, नवजात शिशु, बालबालिका तथा अन्य व्यक्तिमा अपाङ्गता हुन सक्ने जोखिमको पहिचान गरी आवश्यक स्वास्थ्य परीक्षण, परामर्श तथा सेवाका लागि सम्बन्धित स्वास्थ्य संस्थामा प्रेषण गर्न सहयोग गर्ने,

(च) अपाङ्गता भएका बालबालिकाको विद्यालय भर्ना, नियमित उपस्थिति, सिकाइमा सहभागिता तथा आवश्यक सहयोगको व्यवस्था गर्न सम्बन्धित विद्यालय र परिवारसँग समन्वय गर्ने,

(छ) अपाङ्गता भएका व्यक्तिलाई सीप विकास, रोजगारी, स्वरोजगार, आयआर्जन तथा सामुदायिक गतिविधिमा सहभागी हुन आवश्यक सहजीकरण गर्ने,

(ज) अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका परिवारलाई उपलब्ध सेवा, सुविधा, अधिकार र अवसरबारे जानकारी गराई ती सेवामा पहुँच प्राप्त गर्न सहयोग गर्ने,

(झ) अपाङ्गता भएका व्यक्ति, उनीहरूका परिवार, प्रतिनिधिमूलक संस्था, स्थानीय समन्वय समिति तथा सम्बन्धित सरकारी र गैरसरकारी निकायबीच समन्वय र सहकार्य गर्ने,

रोशनी कुमारी अछ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(ट) अपाङ्गता भएका महिला, बालबालिका तथा बढी जोखिममा रहेका व्यक्तिको आवश्यकता पहिचान गरी संरक्षण, सहयोग तथा आवश्यक सेवाका लागि सम्बन्धित निकायमा समन्वय र प्रेषण गर्ने,

(ठ) अपाङ्गता भएका व्यक्तिको अधिकार, पहुँचयोग्यता, समान अवसर तथा सामाजिक समावेशीकरण प्रवर्द्धन गर्न समुदायस्तरमा जनचेतनामूलक क्रियाकलाप सञ्चालन गर्न सहयोग गर्ने,

(ड) अपाङ्गता भएका व्यक्तिका समस्या, सेवा प्राप्तिमा देखिएका अवरोध तथा थप सहयोगको आवश्यकताबारे सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने,

(ढ) स्थानीय तहले स्वीकृत गरेको कार्ययोजनाअनुसार आफ्नो कार्यक्षेत्रमा सञ्चालन हुने कार्यक्रम तथा क्रियाकलापको कार्यान्वयनमा सहयोग गर्ने,

(ण) कार्यक्रमअन्तर्गत प्रदान गरिएका सेवा, सहजीकरण, प्रेषण तथा लाभग्राहीको विवरण निर्धारित ढाँचामा अभिलेख राखी सम्बन्धित शाखा वा महाशाखामा नियमित रूपमा प्रतिवेदन पेस गर्ने,

(त) अपाङ्गता भएका व्यक्तिको व्यक्तिगत विवरण, स्वास्थ्यसम्बन्धी जानकारी तथा अन्य संवेदनशील सूचनाको गोपनीयता कायम गर्ने,

(थ) स्थानीय तहको अपाङ्गता सम्बन्धी शाखा वा ईकाइले कार्यक्रमको उद्देश्यअनुरूप तोकेका अन्य कार्य गर्ने।

(५) सहजकर्ताले आफ्नो जिम्मेवारी निर्वाह गर्दा अपाङ्गता भएका व्यक्तिको गोपनीयता तथा आत्मनिर्णयको अधिकारको सम्मान गर्नुपर्नेछ।

(६) सहजकर्ताको क्षमता विकास तथा आवश्यक अभिमुखीकरण मन्त्रालय तथा सम्बन्धित स्थानीय तहले साझेदार संस्थासँगको सहकार्यमा सञ्चालन गर्न सक्नेछन्।

७. <u>लागत साझेदारी तथा बजेट प्रवाह:</u> (१) कार्यक्रम सङ्घ, प्रदेश, स्थानीय तह तथा साझेदार संस्थाको लागत तथा प्राविधिक साझेदारीमा सञ्चालन गरिनेछ।

तर कुनै पक्षबाट लागत साझेदारी हुन नसकेको वा तोकिएको समयमा साझेदारी रकम उपलब्ध हुन नसकेको कारणले मात्र कार्यक्रम सञ्चालनमा बाधा पर्ने छैन।

(२) उपदफा (१) बमोजिमको लागत साझेदारी उपलब्ध स्रोतका आधारमा सम्बन्धित पक्षबीच भएको सम्झौता अनुसार हुनेछ।

(३) मन्त्रालयले कार्यक्रमका लागि सङ्घ तथा प्रदेशबाट विनियोजित बजेट छनौट भएका स्थानीय तहलाई बाँडफाँट गरी प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउनेछ।

(४) साझेदार संस्थाले सम्झौता बमोजिम लागत साझेदारी गर्ने रकम सम्बन्धित स्थानीय तहमा उपलब्ध गराउने छ।

रोशनी कुमारी अछ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(५) स्थानीय तहले सङ्घ,प्रदेश, साझेदार संस्था र आफ्नो तहबाट उपलब्ध बजेटका आधारमा कार्यक्रम तर्जुमा गरी प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्नेछ।

८. <u>व्यवस्थापन समितिको गठन:</u> (१) कार्यक्रमको नीति तथा योजना निर्धारण, समन्वय, अनुगमन र निर्देशनका लागि देहायबमोजिमको व्यवस्थापन समिति गठन गरिनेछः-

(क) मन्त्री, मन्त्रालय	-संयोजक
(ख) सदस्य, प्रदेश योजना आयोग (सामाजिक विकास क्षेत्र हेर्ने)	-सदस्य
(ग) सचिव, मन्त्रालय	-सदस्य
(घ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय	-सदस्य
(ङ) प्रमुख, शैक्षिक विकास महाशाखा, मन्त्रालय	-सदस्य
(च) प्रमुख, स्वास्थ्य सेवा महाशाखा, मन्त्रालय	-सदस्य
(छ) प्रमुख, प्रशासन तथा योजना महाशाखा, मन्त्रालय	-सदस्य
(ज) प्रतिनिधि, साझेदार संस्था	-सदस्य
(झ) प्रतिनिधि, राष्ट्रिय अपाङ्ग महासङ्घ नेपाल, कर्णाली प्रदेश	-सदस्य
(ञ) महाशाखा प्रमुख, सामाजिक विकास महाशाखा, मन्त्रालय	-सदस्य-सचिव

(२) समितिको बैठक वर्षमा कम्तीमा दुइ पटक बस्नेछ र आवश्यकता अनुसार अन्य समयमा समेत बैठक बस्न सक्नेछ।

(३) समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, स्थानीय तहका प्रतिनिधि तथा अन्य सरोकारवालालाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

९. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार:</u> व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहहरूको छनौट गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक मार्गदर्शन, समन्वय तथा सहजीकरण गर्ने,

(ग) कार्यक्रमको वार्षिक कार्ययोजना स्वीकृत गर्ने,

(घ) कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय समस्याको समाधानका लागि आवश्यक सहजीकरण गर्ने,

(ङ) स्थानीय तहहरूमा कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट प्रवाह तथा स्रोत व्यवस्थापन गर्दा सङ्घ तथा अन्तर मन्त्रालय समन्वय गर्ने,

रोशनी कुमारी अछ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(च) प्रदेश सरकारको वार्षिक नीति, कार्यक्रम र योजनामा यस कार्यक्रम सम्बन्धी विषय बस्तु समावेश गर्न आवश्यक सिफारिस गर्ने,

(छ) कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गर्ने,

(ज) स्थानीय तहहरूबाट प्राप्त प्रगति प्रतिवेदनहरू एकीकृत गर्न लगाउने,

(झ) स्थानीय तह तथा सहजकर्ताहरूको क्षमता विकास, प्राविधिक सहयोग तथा पृष्ठपोषणका लागि आवश्यक व्यवस्था गर्ने।

१०. <u>स्थानीय तह छनौटका आधारहरु:</u> (१) दफा ९ को खण्ड (क) बमोजिम स्थानीय तह छनौट गर्दा देहायका आधारमा गर्नुपर्नेछः-

(क) अपाङ्गता भएका व्यक्तिको जनसंख्या,

(ख) कार्यक्रमको आवश्यकता,

(ग) स्रोतको प्रतिवद्धता र संस्थागत क्षमता,

(२) कार्यक्रम विस्तार गर्दा सकेसम्म एकआपसमा भौगोलिक रूपमा जोडिएका स्थानीय तहहरूलाई प्राथमिकता दिइनेछ।

११. <u>स्थानीय तहमा कार्यक्रम व्यवस्थापन समिति:</u> (१) अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ बमोजिमको स्थानीय समन्वय समितिले यस कार्यक्रमको व्यवस्थापन समितिको कार्य गर्नेछ।

(२) उपदफा (१) बमोजिमको समितिको बैठकमा कार्यक्रमको साझेदार संस्था वा सम्बन्धित क्षेत्रमा काम गर्ने अन्य संस्थाका प्रतिनिधि तथा विषय विज्ञ र सरोकारवालालाई आमन्त्रित सदस्यको रूपमा आमन्त्रण गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिमको समितिको बैठक सञ्चालन सम्बन्धी प्रक्रिया समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्वास्थ्य, शिक्षा, रोजगार शाखा, वडा कार्यालय, अपाङ्गता भएका व्यक्तिको संस्था (OPD) तथा अन्य सरोकारवालासँग समन्वय गरी एकीकृत रूपले कार्यक्रमको वार्षिक तथा त्रैमासिक योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक स्थानीय सेवा प्रदायक संस्था तथा सरोकारवालाको परिचालन, समन्वय र सहकार्य सुनिश्चित गर्ने,

(ग) कार्यक्रमको प्रगति अनुगमन गर्ने र आवश्यक पृष्ठपोषण उपलब्ध गराउने,

(घ) सङ्घ तथा प्रदेशबाट प्राप्त निर्देशन, मार्गदर्शन र पृष्ठपोषण कार्यान्वयन गर्ने गराउने,

रोशनी कुमारी झा
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(ङ) कार्यक्रम कार्यान्वयनका क्रममा आउने समस्या, चुनौती तथा विवाद निरूपणका लागि आवश्यक पहल गर्ने,

(च) कार्यक्रम सञ्चालनका लागि आवश्यक सहजकर्ताको व्यवस्था तथा परिचालन गर्ने,

(छ) कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट तथा स्रोत व्यवस्थापनका लागि प्रदेशसँग समन्वय गर्ने,

(ज) कार्यक्रमको त्रैमासिक तथा वार्षिक प्रगतिको समीक्षा गर्ने,

(झ) त्रैमासिक तथा वार्षिक प्रतिवेदन तयार गर्ने,

(ञ) स्थानीय तहमा अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क अद्यावधिक गर्ने।

१२. <u>अनुगमन तथा प्रतिवेदन</u> (१) सङ्घ तथा प्रदेशले कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि अनुगमन गर्न सक्नेछ।

(२) मन्त्रालयले कार्यक्रमको समग्र प्रगति, प्रभावकारिता, उपलब्धि तथा स्रोत परिचालनको अवस्था सम्बन्धमा समीक्षा कार्यक्रम सञ्चालन गर्नेछ।

(३) व्यवस्थापन समितिले कार्यक्रमको प्रगति, प्रभावकारिता तथा उपलब्धिको समीक्षा गरी आवश्यक निर्देशन तथा पृष्ठपोषण प्रदान गर्नेछ।

(४) स्थानीय समन्वय समितिले कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन गरी आवश्यक समन्वय, सहजीकरण तथा पृष्ठपोषण प्रदान गर्नेछ।

(५) कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन, प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनका लागि संघीय मन्त्रालयले तोकेको व्यवस्थापन सूचना प्रणाली तथा आवश्यक अन्य सूचना प्रणाली प्रयोग गरिनेछ।

(६) स्थानीय तहले कार्यक्रमको कार्यक्रमगत तथा वित्तीय प्रगति सम्बन्धी त्रैमासिक, अर्धवार्षिक रुपले तथा वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको ३० दिनभित्र अनुसूची-२ बमोजिमको ढाँचामा मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(७) मन्त्रालयले स्थानीय तहहरूबाट प्राप्त प्रतिवेदनको एकीकरण तथा विश्लेषण गरी प्रदेशस्तरीय प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको ४५ दिनभित्र अनुसूची-३ बमोजिमको ढाँचामा संघीय मन्त्रालयमा पेस गर्नुपर्नेछ।

(८) उपदफा (७) बमोजिमको प्रतिवेदन साझेदार संस्थालाई समेत उपलब्ध गराइनेछ।

१३. <u>लेखा र लेखा परीक्षण:</u> (१) कार्यक्रम सञ्चालन सम्बन्धी खर्च प्रचलित सरकारी खर्च प्रणाली र मापदण्ड बमोजिम गर्नुपर्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत भएको आयव्यय विवरण तयार गर्ने, लेखा राख्ने, लेखा परीक्षण गराउने र वित्तीय विवरण तयार गर्ने दायित्व प्रचलित कानून बमोजिम सम्बन्धित स्थानीय तहको हुनेछ।

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

१४. <u>अभिलेख तथा सूचना व्यवस्थापनः</u> (१) स्थानीय तहले कार्यक्रमसँग सम्बन्धित देहायका अभिलेख सुरक्षित तथा व्यवस्थित रूपमा राख्नुपर्नेछः-

(क) कार्यक्रमगत विवरण तथा प्रगति,

(ख) लाभग्राहीको विवरण,

(ग) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क,

(घ) अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन,

(ङ) बैठकका निर्णय,

(च) वित्तीय विवरण तथा खर्चसम्बन्धी अभिलेख,

(छ) कार्यक्रम कार्यान्वयनसँग सम्बन्धित अन्य आवश्यक अभिलेख।

(२) स्थानीय तहले आफ्नो क्षेत्रभित्रका अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क नियमित रूपमा अद्यावधिक गर्नुपर्नेछ।

(३) अभिलेख तथा सूचना व्यवस्थापन गर्दा प्रचलित कानून बमोजिम गोपनीयता कायम गर्नुपर्नेछ।

(४) कार्यक्रमको योजना, कार्यान्वयन, अनुगमन, प्रतिवेदन तथा तथ्याङ्क व्यवस्थापनका लागि संघीय मन्त्रालयले विकास वा तोकेको विद्युतीय सूचना प्रणालीको प्रयोग गरिनेछ।

१५. <u>संघीय कार्यविधि तथा प्रचलित कानून लागू हुनेः</u> (१) यस कार्यविधिमा उल्लेख नभएका विषयमा संघीय कार्यविधि तथा प्रचलित कानून बमोजिम हुनेछ।

(२) संघीय सरकारबाट सशर्त अनुदान वा अन्य प्रयोजनका लागि प्राप्त रकमबाट सञ्चालन हुने कार्यक्रमको हकमा यस कार्यविधि र संघीय कार्यविधिबीच कुनै विषयमा बाझिएमा बाझिएको हदसम्म संघीय कार्यविधि लागू हुनेछ।

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

अनुसूची-१

(दफा ४ तथा दफा ५ उपदफा (७) सँग सम्बन्धित)

कार्यक्रमका मुख्य क्रियाकलापहरू

१. अपाङ्गता रोकथाम, प्रारम्भिक पहिचान तथा उपचार/व्यवस्थापनः

(क) जन्मजात हुने र जन्मपश्चात हुने अपाङ्गताको प्रारम्भिक पहिचान, न्युनीकरण तथा व्यवस्थापन,

(ख) विद्यालयमा अध्ययनरत बालबालिकाहरूको अपाङ्गता परीक्षण गरी कार्यगत सीमितता तथा अपाङ्गताको प्रारम्भिक पहिचान, अभिलेखीकरण तथा व्यवस्थापन,

(ग) नव दम्पती, गर्भवती महिला तथा परिवारलाई सुरक्षित मातृत्व, फोलिक एसिडको प्रयोग तथा अपाङ्गता रोकथाम सम्बन्धी जनचेतना अभिवृद्धि,

(घ) घरधुरी सर्वेक्षणबाट पहिचान भएका अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको गम्भीरता न्यूनीकरणका लागि आवश्यक उपचारमा सहयोग गर्न विभिन्न स्वास्थ्य संस्थासँग सम्प्रेषण सेवा प्रवर्द्धन र औषधि-उपचार,

(ङ) दुर्घटना, नसर्ने रोग तथा अन्य कारणबाट हुन सक्ने अपाङ्गता न्यूनीकरणका लागि जनचेतना तथा रोकथाम सम्बन्धी गतिविधिहरू,

(च) स्वास्थ्यकर्मी, शिक्षक तथा विद्यालय नर्सहरूलाई जन्मजात हुने र जन्मपश्चात हुने अपाङ्गताको प्रारम्भिक पहिचान तथा व्यवस्थापन सम्बन्धी क्षमता विकास कार्यक्रमहरू।

२. अपाङ्गता भएका व्यक्ति तथा उनीहरूका परिवारको जीवनको गुणस्तरमा सुधारः

(क) अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य परीक्षण, अपाङ्गता पहिचान तथा आवश्यक सहायक सामग्री पहिचानका लागि शिविर सञ्चालन,

(ख) अपाङ्गता भएका व्यक्तिलाई आवश्यक स्वास्थ्य उपचार तथा सहायक सामग्री उपलब्ध गराउने,

(ग) अपाङ्गता भएका व्यक्ति तथा उनीहरूको परिवार वा हेरचाहकर्ताहरूको क्षमता विकास, सीप विकास तथा अभिभावक शिक्षा,

(घ) अपाङ्गता भएका व्यक्तिहरूको समावेशी शिक्षाको हकको प्रवर्द्धन तथा विद्यालय शिक्षामा पहुँच र निरन्तरता अभिवृद्धि,

(ङ) जीविकोपार्जन, उद्यमशीलता तथा व्यावसायिक सीप विकास र आवश्यक बिउपूँजी सहयोग,

(च) अपाङ्गता भएका व्यक्तिका अभिभावक वा संरक्षकहरू आवद्ध वा सहभागी भई मिलीजुली समूह गठन, परिचालन, सुदृढीकरण तथा आवश्यकता अनुसार बचत तथा सहकारी गतिविधिमा आवद्धता,

रोशनी कुमारी ओझ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(छ) अपाङ्गता भएका व्यक्तिहरूको रोजगारीमा पहुँच अभिवृद्धि गर्न वृत्ति विकास परामर्श, तयारी कक्षा सहायता रकम, प्रविधिको प्रयोग सम्बन्धी सीप विकास लगायतका व्यक्तित्व विकास कार्यक्रमको पहुँच र बिस्तार,

(ज) मिलीजुली समूह गठन, परिचालन तथा सुदृढीकरण ।

३. संस्थागत सुदृढीकरणः

(क) प्रदेश तथा स्थानीय तहमा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचना, कार्यक्षेत्र, जनशक्ति तथा स्रोत व्यवस्थापन,

(ख) समुदायमा आधारित पुनःस्थापना, क्षमता विकास तथा परिचालन सम्बन्धी कार्यक्रम,

(ग) फोकल पर्सन तथा अपाङ्गता भएका व्यक्तिको संस्था (OPD) का प्रतिनिधिहरूबिच नियमित समन्वय तथा समीक्षा,

(घ) जनप्रतिनिधि, कर्मचारी तथा सरोकारवालाहरूलाई अपाङ्गता सम्बन्धी अभिमुखीकरण,

(ङ) अर्धवार्षिक तथा वार्षिक समीक्षा, सामाजिक लेखाजोखा, योजना तर्जुमा तथा सिकाइ आदानप्रदान,

(च) कार्यक्रमको अनुगमन, मूल्याङ्कन, अभिलेखीकरण तथा सूचना व्यवस्थापन।

४. अपाङ्गता भएका व्यक्तिको अधिकार प्रवर्द्धन, सशक्तीकरण तथा सामाजिक समावेशीकरण

(क) अपाङ्गता भएका व्यक्तिका अधिकार, सेवा तथा सुविधाबारे जनचेतना अभिवृद्धि,

(ख) अपाङ्गता भएका व्यक्ति, उनिहरूको परिवारका सदस्यहरूको निर्णय प्रक्रिया, सामाजिक गतिविधि तथा सामुदायिक संरचनामा अर्थपूर्ण सहभागितामा अभिवृद्धि,

(ग) अपाङ्गता भएका व्यक्तिका अधिकार संरक्षण, सेवामा पहुँच तथा समावेशीकरणका लागि पैरवी तथा समन्वय सम्बन्धी गतिविधिहरू,

(घ) अपाङ्गता भएका व्यक्तिको अन्तर्राष्ट्रिय दिवस, अभियान तथा जनचेतनामूलक गतिविधिहरू।

५. अपाङ्गता सम्बन्धी तथ्याङ्क, परिचयपत्र तथा सेवा र सुविधामा पहुँच

(क) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिको तथ्याङ्क सङ्कलन, प्रमाणीकरण, अद्यावधिक तथा प्रोफाइल निर्माण,

(ख) अपाङ्गताको वर्गीकरण तथा परिचयपत्र वितरण प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय अपाङ्गता समन्वय समितिको क्षमता विकास,

(ग) अपाङ्गता परिचयपत्र प्राप्त व्यक्तिलाई प्रचलित कानुन बमोजिम उपलब्ध हुने सेवा, सुविधा तथा सामाजिक सुरक्षा योजनामा पहुँच सुनिश्चित गर्न समन्वय र सहजीकरण,

(घ) अपाङ्गता भएका व्यक्तिको तथ्याङ्कलाई मन्त्रालयले तोकेको विद्युतीय सूचना प्रणालीमा नियमित रूपमा अद्यावधिक।

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

६. अपाङ्गता भएका व्यक्तिका प्रतिनिधिमूलक संस्था (OPD) तथा स्थानीय समन्वय समितिको क्षमता तथा संस्थागत सुदृढीकरण

(क) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिका संस्था (OPD) को गठन, पुनर्गठन तथा दर्ता/नवीकरणमा आवश्यक सहजीकरण,

(ख) पदाधिकारी तथा सदस्यहरूको नेतृत्व, सुशासन, संस्थागत व्यवस्थापन, वित्तीय व्यवस्थापन, परियोजना व्यवस्थापन सम्बन्धी क्षमता विकास,

(ग) संस्थागत विकास, रणनीतिक योजना, वार्षिक कार्य योजना तथा संस्थागत प्रणाली विकासमा सहयोग गर्ने,

(घ) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तहका अन्य समितिहरूमा प्रभावकारी सहभागिता र प्रतिनिधित्वका लागि सशक्तिकरण,

(ङ) अपाङ्गता भएका व्यक्तिको अधिकार, सेवामा पहुँच तथा समावेशी विकासका लागि समन्वय तथा सञ्जाल निर्माणमा सहयोग,

(च) स्थानीय तहमा रहेका अपाङ्गता भएका व्यक्तिका संस्था र स्थानीय तहबिच नियमित समन्वय, समीक्षा तथा सिकाइ आदानप्रदानका गतिविधि सञ्चालन,

(छ) संस्थाहरूलाई मिलीजुली समूह, सहकारी, जीविकोपार्जन तथा अन्य सामुदायिक कार्यक्रमसँग आबद्ध गराउन सहजीकरण।

रोशनी कुमारी अछ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

अनुसूची-२

(दफा १२ को उपदफा (६) सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

१. प्रारम्भिक खण्ड:

- स्थानीय तहको विवरण: (पालिकाको नाम, ठेगाना, आर्थिक वर्ष, प्रतिवेदन अवधि)
- साझेदार संस्थाको विवरण: (अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थासगँको सहकार्य गरिएको अवस्थामा)

२. परिचय तथा पृष्ठभूमी:

३. भौतिक तथा वित्तिय प्रगति विवरण:

(क) प्रमुख ६ वटा क्षेत्रगत क्रियाकलापको भौतिक प्रगति विवरण:

क्र. सं.	प्रमुख क्षेत्र तथा क्रियाकलाप	वार्षिक लक्ष्य	प्रगति	कूल प्रगति	मुख्य उपलब्धी	कैफियत
१.	अपाङ्गता रोकथाम	सङ्ख्या	सङ्ख्या			
२.	जीवनको गुणस्तर					
३.	संस्थागत सुदृढीकरण					
४.	अधिकार प्रवर्द्धन तथा समावेशिकरण					
५.	अपाङ्गता सम्बन्धी तथ्याङ्क, परिचयपत्र तथा सेवा र सुविधामा पहुँच					
६.	OPD को क्षमता विकास					

(ख) वित्तीय तथा लागत साझेदारी भएमा सोको विवरण:

क्र. सं.	बजेट/ निकाय	स्वीकृत बजेट रु.	वास्तविक खर्च रु.	वित्तिय प्रगति प्रतिशतमा
१.	सशर्त अनुदान (मन्त्रालय)			
२.	प्रदेश मन्त्रालय			
३.	स्थानीय तह लागत साझेदारी			
४.	साझेदार संस्था लागत साझेदारी			
	जम्मा			

रोशनी कुमारी श्रेष्ठ
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

(ग) लाभान्वित वर्गको वर्गीकरण सहितको विवरणः कार्यक्रमबाट प्रत्यक्ष लाभान्वित व्यक्तिहरूको लिङ्ग र अपाङ्गताको प्रकृतिमा आधारित विवरण

क्र स	नाम ठेगाना	लिङ्ग र उमेर	अपाङ्गताको प्रकार र वर्ग	लाभ लिएको कार्यक्रम	कैफियत

(घ) मुख्य उपलब्धीः

१.
२.
३.

(ङ) विद्युतिय सुचना प्रणाली प्रविष्टिः

४. अनुगमन तथा मुल्याङ्कनः

५. उदाहरणीय वैयक्तिक घटना

- व्यक्ति/परिवारको विवरणः
- कार्यक्रम पूर्वको अवस्था र चुनौतिः
- प्रदान गरिएको सहयोग/सहजिकरणः
- परिणाम तथा जीवनस्तरमा परेको प्रभावः

६. कार्यक्रम कार्यान्वयनका क्रममा देखिएका चुनौति, समस्या र समाधानका उपायहरुः

७. प्रमाणीकरण तथा हस्ताक्षरः

तयार गर्नेः.....
पद.....
मिति.....

स्वीकृत गर्ने.....
मिति.....

८. अनुसूचीः

- अनुगमन प्रतिवेदन
- कार्यक्रमको तस्बिर र लाभान्वितको भरपाई सुचिको प्रमाणित प्रतिलिपि।

रोशनी कुमारी यादव
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री

अनुसूची-३

(दफा १२ को उपदफा (७) सँग सम्बन्धित)

प्रतिवेदनको ढाँचा

१. प्रतिवेदनको विवरण तथा पृष्ठभुमि:

प्रदेशको नाम:

सम्बन्धित मन्त्रालय/महाशाखा:

आर्थिक वर्ष:

प्रतिवेदन पेश गर्ने मिति:

२. परिचय तथा पृष्ठभूमी:

३. कार्यक्रमको सामान्य विवरण:

क्र.सं.	विवरणका शिर्षक	विवरण/तथ्याङ्क	कैफियत
१.	कार्यक्रम सञ्चालन भएका स्थानीयतहको संख्या		
२.	कार्यक्रममा आबद्ध साझेदार संस्थाहरूको नाम र साझेदारीको क्षेत्र		
३.	कार्यक्रमका लागि स्वीकृत कुल वार्षिक बजेट (संघीय अनुदान, प्रदेश अनुदान, स्थानीय तह र साझेदार)		
४.	चालू आर्थिक वर्षमा परिचालन भएका सहजकर्ताको जम्मा संख्या		

रोशनी कुमारी अधि
प्रदेश सचिव

मा. जीत बहादुर मल्ल
मन्त्री